# मुसीकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

६ नं. प्रदेश, नेपाल

मिति: २०७५ ०२ ०६

प.सं. ०७४/०७५

च.नं. १०९६

### एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना !

यस मुसिकोट नगरपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ बमोजिम आ.व. २०७५/०७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गा धनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचना (घर, गोठ, गोदाम, टहरा, पर्खाल) आदिको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम मुसिकोट नगर कार्यपालिकाको कार्यालयबाट यही २०७५ जेष्ठ ०६ गते देखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी २०७५ जेष्ठ २६ गते भित्र नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफैं वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/०७५ सम्मको मालपोत र भूमिकर चुक्ता गर्नु पर्नेछ । एकीकृत सम्पति कर तिरेपछि सो घर जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

(माधव प्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

# मुसिकोट नगरपालिका
# मुसिकोट नगर कार्यपालिकाको कार्यालय
## रुकुम (पश्चिम)
## ६ नं. प्रदेश नेपाल ।
## एकीकृत सम्पत्ति विवरण दाखिला फाराम

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**मुसिकोट नगर कार्यपालिकाको कार्यालय,**

**रुकुम (पश्चिम), ६ नं. प्रदेश नेपाल ।**

**महोदय,**

यस नगरपालिकाको मिति २०७५/०२...... गते प्रकाशित सूचना अनुसार मैले/ हामीले एकीकृत सम्पत्ति कर मूल्यांकनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छु/ छौं । यस बमोजिम नगरपालिकाले एकीकृत सम्पत्ति कर निर्धारण गरिदिएमा मेरो/ हाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झुट्टा ठहरे नगरपालिकाको निर्णय तथा कानुन बमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

**क) <u>सम्पत्ति धनीको विवरण</u>**

१. जग्गा/घरधनीको नाम र थर :

२. बाबु/ पतिको नाम र थर :

३. बाजे/ ससुराको नाम र थर :

४. पेसा/ व्यवसाय :

५. घर जग्गाधनी बसोबास गर्ने न.पा.

नगरपालिका:

वडा नं. : टोल/बस्ती/घर नं.

टेलिफोन:

इमेल:

**ख) <u>विवरण दाखिला गर्ने व्यक्तिको विवरण</u>**

दस्तखत :

नाम र थर :

ठेगाना :

घरधनीको नाता :

मिति:

**६.सम्पत्ति धनीको पारिवारिक विवरण :**

| क्र.स. | परिवारका सदस्यहरुको नाम | सम्मत्ति धनीको नाता |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**ग) सम्पत्तिको विवरण:**

**१. जग्गाको विवरण:**

| जग्गाको विवरण | | | | जग्गा रहेको स्थान( टोल/बस्तिको नाम) | जग्गा जोडिएको मुख्य सडक (सडकको नाम र सडकको प्रकार) | क्षेत्र ( कार्यालयले भर्ने व्य./ औ./सं./घ.) | जग्गाको प्रयोग(बाँझो/ खेती/ भाडामा दिएको) | जग्गाको चलनचल्तीको मूल्य (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| कि.नं. | साबिक ( गाविस र वडा) | हालको वडानं. | क्षेत्रफल | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मुसिकोट नगरपालिका

## २. भौतिक संरचनाको विवरण :

| संरचना रहेको कि.नं. | संरचनाका प्रकार (घर/गोठ/गोदाम/टहरा/पर्खाल) | संरचनाको | | | | | भौतिक संरचनाको विवरण | | प्रयोगकर्ता (स्वयं/भाडा) | कैफियत (घर नं. आदि खुलाउने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तल्ला | लम्बाई | चौडाई | क्षेत्रफल (वर्गफिट वा रनिङ फिट) | बनेको मिति | संरचनाको बनोटको किसिम (बनोट र छाना खुलाउने) | संरचनाको प्रयोग (व्य./औ./ स/ घ.) | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मुसिकोट नगरपालिका

**घ. कार्यालयले भर्ने:**

**१) करदातावाट चुक्ता गर्नुपर्ने घर जग्गा कर, मालपोत वा भूमिकर, धरधुरी कर रसिदको प्रतिलिपि पेस नभएकोमा नगरपालिकाबाट भएको प्रमाणित :**

| कर शीर्षक | प्रमाणित विवरण | प्रमाणित गर्नेको दस्तखत र मिति |
|---|---|---|
| मालपोत | | |
| भूमिकर | | |
| घर जग्गा कर (नलाग्ने वा चुक्ता) | | |

**२) नक्सापास गरी बनाएको संरचनाको हकमा नगरपालिकाको प्राविधिकबाट भएको प्रमाणित**

| संरचनाको विवरण | संरचना बनेको मिति | वर्गफिट वा रनिङफिट | प्रमाणित गर्नेको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३) यस विवरणसाथ संलग्न कागजातहरु ।
क) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि : छ/छैन ।
ख) कर बुझाएको रसिदको प्रतिलिपि : छ/छैन ।
ग) सम्पत्ति धनी उपस्थित हुन नसकेमा निजले दिएको मञ्जुरीनामा : छ/छैन ।
घ) अन्य कागजातहरु :

**नगरपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका व्यवस्थाहरु :**

क) नगरपालिकाले एकीकृत सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र यस फारामअनुसार आ-आफ्नो जग्गा तथा संरचनाको सत्यतथ्य विवरण भरी नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।

ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरीद बिक्री वा संरचना निर्माणको कारणले सम्पत्ति थपघट भएमा सोको प्रमाणसहितको विवरण पैंतीस (३५) दिनभित्र नगरपालिकामा बुझाउनुपर्ने छ ।

ग) नगरपालिकाले तोकेको समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला नगरेमा वा झुठ्ठा विवरण दाखिला गरेमा नगरपालिकाले थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

घ) सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले नगरपालिकामा दाखिला गर्नुपर्ने छ । कुनै कारणवश धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा संगोल परिवारका कानूनबमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् ।

ङ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरुले संयुक्तरुपमा वा सो मध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन् ।

च) एकीकृत सम्पत्तिकरका लागि करदाताले नगरपालिकासमक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा नगरपालिकाले सम्पत्तिको मूल्यांकन सिफारिस गर्नेछ ।

छ) करदाताले झुठ्ठा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनः मूल्यांकन गरी जरिवानासहितको कर रकम असुलउपर गरिनेछ । यस्तो जरिवाना लुकाएको सम्पत्तिको प्रतिवर्ष ०.५% प्रतिशतले हुन आउने रकम बराबर हुनेछ ।

ज) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुईपटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशत भन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानीने छ ।